नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विभाग

(कर्मचारी प्रशासन शाखा)

☎ ५५२१०७६, ५५२१६४८
हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७७/७८
च. नं. :- ६४

मिति : २०७७।०४।२९

विषय :- परिपत्र ।

श्री राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर ।
श्री कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र हरिहरभवन ।
श्री बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र श्रीमहल, पुल्चोक ।
श्री केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन ।
श्री व्यावसायिक कीट विकास केन्द्र हरिहरभवन ।
श्री राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र खुमलटार ।
श्री समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना आयोजना कार्यान्वयन इकाई, हरिहरभवन ।
श्री रानी जमरा कुलरिया सिंचाई आयोजना टिकापुर, कैलाली ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ९३ मिति २०७७/०४/२५ को पत्र र सोसँगै प्राप्त कृषि तथा पशुपन्छी विकास मन्त्रालयको उच्चस्तरीय व्यवस्थापन (**STM**) को मिति २०७७/०४/ १५ र १६ मा बसेको बैठकको निर्णय पाना थान २ (दुई) यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्र र निर्णयको प्रतिलिपिवाट अवगत गर्नुभई आवश्यक कारवाही गर्नु, गराउनु हुन अनुरोध छ ।

(लिलु गिरी)
शाखा अधिकृत

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## (आन्तरिक प्रशासन शाखा)

फोन नं. ४२११९३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौ
नेपाल

पत्र संख्या : आ.प्र./०७७/७८
च.नं. : 83

मिति २०७७/०४/२५

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्रीमान् सदस्य-सचिवज्यू, राष्ट्रिय किसान आयोग, हरिहरभवन ।
श्रीमान् सहसचिवज्यू, योजना तथा विकास स. समन्वय महाशाखा कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृ.तथा प.विकास म.
श्रीमान् सहसचिवज्यू खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् उपसचिवज्यू आर्थिक प्रशासन शाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् उपसचिवज्यू कानून तथा फैसला कार्यान्वयन शाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् प्रमुखज्यू बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू कृषि विभाग, हरिहरभवन ।
श्रीमान् सहसचिवज्यू कृषि विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू प्रशासन महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशुपंक्षी तथा मत्स्य विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशु स्वास्थ्य महाशाखा, कृ.तथा प. विकास म.
श्रीमान् उपसचिवज्यू कृषि कर्मचारी प्रशासन शाखा, कृ.तथा प. विकास म.
श्रीमान् प्रमुखज्यू प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल ।
श्रीमान् महानिर्देशकज्यू पशु सेवा विभाग, हरिहरभवन ।

यस मन्त्रालयमा मिति २०७७ श्रावण १५ र १६ गते बसेको उच्चस्तरीय व्यवस्थापन (SMT) बैठकको निर्णय जानकारी तथा कार्यान्वयनको लागि यसै साथ सलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

2077/4/25
(अच्युत प्रसाद पुडासैनी)
शाखा अधिकृत

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू (कृषि विकास),
श्रीमान् सचिवज्यू (पशुपन्छी विकास),
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार।

श्री सुशीला अधिकारीज्यू (उप-सचिव) सबै महाशाखा, शाखा। कृ.वि. अन्तर्गतका केन्द्र तथा आयोजनाहरूमा जानकारी गराई कार्यान्वयन गर्ने व्यवस्था हुन।
2077/4/25

"सक्षम निजामती प्रशासन, विकास समृद्धि र सुशासन"

निर्णय नं. १

नेपालमा सलह किराको कारण हुन सक्ने सम्भावित क्षतिलाई मध्यनजर गर्दै प्रदेश र स्थानीय तहमा आवश्यक पूर्वतयारीका लागि पत्राचार गर्ने साथै आवश्यक आर्थिक तथा प्राविधिक श्रोत नपुग हुने भए सोको विवरण समेत माग गरी उपलब्ध गराउने साथै यस कार्यको सहजीकरण कृषि विकास महाशाखाले गर्ने ।

निर्णय न २

मन्त्रालय र मातहत निकायमा रहेको बेरुजु फर्छयौट गर्न तदारुकताका साथ पहल गर्ने साथै खारेज भएका जिल्लास्थित कार्यालयहरुको बेरुजु फर्छयौट गर्न कृषि विभाग र पशु सेवा विभागबाट विशेष पहल गर्ने । विगतमा मन्त्रालयबाट नेपाल उद्योग वाणिज्य महासंघ अन्तरगत कृषि उद्यम केन्द्रलाई उपलब्ध गराइएको अनुदान रकम बेरुजु कायम रहेको देखिएकोले कामको प्रगति तथा अन्य आवश्यक विवरण प्रशासन महाशाखाले माग गरी अर्को बैठकमा पेश गर्ने ।

निर्णय न ३

रासायनिक मल तत्काल उपलब्ध हुन नसकेका कारण किसान लगायत अन्य जनमानसमा पर्न गएको नकारात्मक प्रभावहरु मध्यनजर गर्दै वैकल्पिक उपाय सहितका सकारात्मक

सन्देश प्रवाह गर्न सञ्चार माध्यमहरुको प्रयोग तथा परिचालन गर्ने । साथै मन्त्रालयमा मिडिया व्यवस्थापनका लागि मन्त्रालयका सह-सचिव डा. हरि बहादुर के.सी. को संयोजकत्वमा Dedicated team गठन गरी मिडिया व्यवस्थापन कार्ययोजना मस्यौदा तयार गरी अर्को बैठकमा पेश गर्ने ।

निर्णय न ४

मन्त्रालय र मातहत निकायहरुको चल अचल सम्पत्ति तथा दायित्व अभिलेख तयार गरी दुरुस्त राख्ने साथै सो को विवरण मन्त्रालयमा अविलम्ब पठाउने व्यवस्था मिलाउने ।

निर्णय न ५

कृषि विभागबाट प्राप्त "कृषि बजारको संघ, प्रदेश र स्थानीय तहमा समावेशीकरण तथा हस्तान्तरण सम्बन्धी प्रतिवेदन" लाई कार्यान्वयनमा लैजाने सम्बन्धमा हाल संचालनमा रहेका कृषि बजारहरुको थप विवरण अद्यावधिक गर्न सम्पन्न भएका कार्य तथा तर्जुमामा रहेको ठूला कृषि बजारहरुको DPR विवरण संकलन गर्ने र प्रचलित कानूनलाई मध्यनजर गर्दै हस्तान्तरण सम्बन्धी प्रस्ताव तयार गरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा प्रमुखले पेश गर्ने ।

निर्णय न ६

बिरुवा तथा बिरुवाजन्य, पशु तथा पशुजन्य एवं खाद्य पदार्थको आयात अनुमति दिने कार्यलाई व्यवस्थित बनाउन सम्बन्धित निकायहरुका बीचमा भएको दुविधाको निराकरणका लागि सचिवज्यूहरुको समूपस्थितिमा उक्त निकायका प्रमुखहरु सहित छलफल गरी समस्याको यथोचित सम्बोधन गर्ने र यसको सहजिकरण कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले गर्ने ।

अनिता निरौला
सह-सचिव

निर्णय न ७

कोभिड-१९ को संक्रमण रोकथामका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई प्रयोग गर्न दिइएको चितवन र विराटनगरको पशुपन्छी अन्वेषण प्रयोगशाला हालै विभिन्न जिल्लामा देखा परेको Lumpy Skin Disease को बढ्दो प्रभावलाई नियन्त्रण गर्न अति आवश्यक भएको हुँदा उक्त प्रयोगशाला यथाशीघ्र फिर्ता गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने साथै यस कार्यको सहजिकरण पशु स्वास्थ्य महाशाखाले गर्ने ।

निर्णय न ८

पुष्प, स्याउ लगायतको बीउ बिजन तथा फलफूलको बिरुवा आयातलाई सहजीकरण गर्न विद्यमान बीउ बिजन नियमावलीको अनुसूची अनुरुप दर्ताको प्रक्रियालाई छिटो प्रक्रियाबाट सम्पन्न गर्न बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र (SQCC) ले आवश्यक मापदण्ड तयार गर्ने कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने र सोका लागि आवश्यक समन्वय कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले गर्ने ।

निर्णय न ९

संरक्षित कृषि सुचिश्चित बचत नीतिगत मार्गदर्शनलाई सार्थक बनाउन सो अन्तर्गतका ५ वटा रणनीतिहरुको विस्तृतीकरण गर्न सम्बन्धित शाखाहरुसँग छलफल गरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा प्रमुखज्यूले कार्यान्वयन कार्ययोजनाको खाका तयार गर्ने ।

निर्णय न १०

अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन Automation system अनिवार्य लागू गर्ने र यस कार्यको समन्वय प्रशासन महाशाखाले गर्ने ।

निर्णय न ११

मन्त्रालय अन्तरगत महाशाखाका कर्मचारीहरुलाई काजमा खटाउँदा वा अन्य कुनै कार्यदल वा कार्य जिम्मेवारी दिंदा सम्बन्धित महाशाखा र प्रशासन महाशाखालाई अनिवार्य जानकारी गराउने व्यवस्था गर्ने ।

निर्णय न १२

यस मन्त्रालयको भवन भित्रका केही कोठाहरु दातृ निकायहरुले प्रयोग गरिरहेको सम्वन्धमा हाल सो कोठाहरु मन्त्रालयलाई नै आवश्यक रहेको हुँदा त्यस्ता संस्थाहरु र यस मन्त्रालय बिच कुनै सम्झौता भए बमोजिम कोठा उपलब्ध गराईएको भएमा योजना तथा वैदेशिक सहयोग समन्वय महाशाखा र प्रशासन महाशाखाले अन्यत्र ठाउँमा व्यवस्थापन गर्ने ।

अनिता निरौला
सह-सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
(कर्मचारी प्रशासन शाखा)

☎ ५५२१०७६, ५५२१६४८
हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७७/७८
च. नं. :- ६३

मिति : २०७७।०४।२९

विषय :- परिपत्र ।

श्री राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर ।
श्री कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र हरिहरभवन ।
श्री बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र श्रीमहल, पुल्चोक ।
श्री केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन ।
श्री व्यावसायिक कीट विकास केन्द्र हरिहरभवन ।
श्री राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र खुमलटार ।
श्री समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना आयोजना कार्यान्वयन इकाई, हरिहरभवन ।
श्री रानी जमरा कुलरिया सिंचाई आयोजना टिकापुर, कैलाली ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. ९१ मिति २०७७/०४/२९ को पत्रसाथ प्राप्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवारको मिति २०७७/०४/२७ को पत्र यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रवाट अवगत गर्नुभई आवश्यक कारवाही गर्नु, गराउनु हुन अनुरोध छ ।

.................
(लिलु गिरी)
शाखा अधिकृत

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(आन्तरिक प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या : आ.प्र./०७७/७८
च.नं. : ६१

मिति २०७७।४।२९

विषय:- निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्रीमान् सदस्य-सचिवज्यू, राष्ट्रिय किसान आयोग, हरिहरभवन ।
श्रीमान् सहसचिवज्यू योजना तथा विकास स. समन्वय महाशाखा कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृ.तथा प.विकास म.
श्रीमान् सहसचिवज्यू खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् प्रमुखज्यू प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन ।
श्रीमान् प्रमुखज्यू कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल ।
श्रीमान् कार्यकारी निर्देशकज्यू नेपाल कृषि अनुसन्धान परिषद, सिंहदरबार प्लाजा ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय दुग्ध विकास बोर्ड, पुल्चोक ।
श्रीमान् प्रबन्धक सञ्चालकज्यू कृषि सामग्री कम्पनी लिमिटेड, टेकु ।
श्रीमान् कार्यक्रम संयोजक, कृषि क्षेत्र विकास कार्यक्रम, सुर्खेत ।
श्रीमान् आयोजना प्रमुखज्यू, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, हरिहरभवन ।
श्रीमान् कार्यकारी निर्देशकज्यू कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति, कालीमाटी ।
श्रीमान् सहसचिवज्यू कृषि विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू प्रशासन महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशुपंक्षी तथा मत्स्य विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशु स्वास्थ्य महाशाखा, कृ.तथा प. विकास म.
श्रीमान् प्रमुखज्यू बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू कृषि विभाग, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू पशु सेवा विभाग, हरिहरभवन ।
श्रीमान् महाप्रवन्धकज्यू दुग्ध विकास संस्थान, लैनचौर ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, बिजुलीबजार ।
श्रीमान् परियोजना प्रमुखज्यु, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, खुमलटार
श्रीमान् आयोजना प्रमुखज्यू, NLSIP हरिहरभवन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/४/२७ को पत्रबाट विश्वव्यापी माहामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्वन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/४/२६ मा कार्यालयहरुबाट सेवा प्रवाह गर्ने सम्वन्धमा मिति २०७७/४/२९ गते विहिवार देखि लागू हुने गरी भएको निर्णय यस मन्त्रालयमा प्राप्त हुन आएको छ। उक्त निर्णय तहाँ र तहाँ अन्तर्गत निकायहरुबाट कार्यान्वयन गरी सो को जानकारी यस मन्त्रालयमा उपलब्ध गराउनु हुन प्राप्त निर्णय यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(गणेश बहादुर कट्वाल)
शाखा अधिकृत

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू (कृषि विकास),
श्रीमान् सचिवज्यू (पशुपन्छी विकास),
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।

श्री सुशीला अधिकारीजी (उप-सचिव)
कृषि विभाग तथा मातहतका कार्यालयहरु र कृ.वि. अन्तर्गतका आयोजनाहरुमा समेत उल्लेख भए बमोजिमका निर्णयहरु कार्यान्वयन गर्न गराउन।
२०७७/४/२९

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(कर्मचारी प्रशासन महाशाखा)

पत्र संख्या: २०७७।०७८

चलानी नं.:

मिति: २०७७।०४।२७

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

विश्वव्यापी माहामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।२६ मा कार्यालयहरुबाट सेवा प्रवाह गर्ने सम्बन्धमा मिति २०७७।०४।२९ गते बिहिवार देखि लागू हुने गरी देहायका निर्णयहरु भएकोले सरोकारवाला सम्पूर्ण निकायहरुमा कार्यान्वयनका लागि अनुरोध गरिन्छ ।

क। कोभिड-१९ सङ्क्रमणको सक्रिय सङ्क्रमित दुई सय भन्दा बढी भएका जिल्ला र काठमाण्डौं उपत्यकाका सरकारी तथा गैन्ह सरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तिय संघ-संस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ-संस्थाहरु विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

ख। मिति २०७७ श्रावण २९ देखि यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने ।

ग। अनलाईन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने ।

घ। मानिसहरुको जमघट, भेटघाट एवं नजिकिने कार्यहरुबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गईरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, मेलाजस्ता सामूहिक जमघट हुने कार्यहरु नगर्ने/नगराउने ।

2077/4/26

(राजिव पोखरेल)

सह-सचिव